**मालिका गाउँ कार्यपालिकाको ८२ औं बैठक/स्थान:अध्यक्ष ज्यूको कार्यकक्ष**

मिति २०८३ साल भाद्र महिनाको २६ गते शुक्रवार

अध्यक्षता: श्रीमान् बेग प्रसाद गर्बुजा ज्यू ,गाउँपालिका अध्यक्ष

| क्र.सं. | नाम,थर | पद/कार्यालय | हस्ताक्षार |
|---|---|---|---|
| १. | श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष, मालिका गा.पा. | |
| २. | श्री लक्ष्मी देवि घर्ति मगर पुन | उपाध्यक्ष,मालिका गा.पा. | |
| ३. | श्री मान सिं सापकोटा | का.वा.वडा अध्यक्ष, मालिका-१ | |
| ४. | श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष,मालिका-२ | |
| ५. | श्री मोति प्रसाद बुढा | वडा अध्यक्ष,मालिका-३ | |
| ६. | श्री भजेन्द्रमान पुन | वडा अध्यक्ष,मालिका-४ | |
| ७. | श्री मिम पुन | वडा अध्यक्ष,मालिका-५ | |
| ८. | श्री पथ बहादुर रोका | वडा अध्यक्ष,मालिका-६ | |
| ९. | श्री टक बहादुर पुन | वडा अध्यक्ष,मालिका-७ | |
| १०. | श्री अनुप गौचन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| ११. | श्री मन कुमारी पुन | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १२. | श्री प्रतिक्षा वि.क. | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १३. | श्री देवि पटेल | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १४. | श्री छरदेवी घर्ती | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १५. | श्री दल बहादुर खड्काथोकी | कार्यपालिका सदस्य मालिका गा.पा. | |
| १६. | श्री राजेश थापा मगर | नि.प्र.प.अ.,मालिका गा.पा. | |
| | **अन्य उपस्थिति** | | |
| १७. | आराम थापा मगर | प्रशासकीय अधिकृत | |
| १८. | बसन्त थापा मगर | सहायक प्रशासकीय अधिकृत | |
| १९. | | | |

## निर्णयहरु:

**प्रस्ताव नं. १: जग्गादाताहरुलाई सम्मान सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका तथा यस अन्तर्गतका वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायत सार्वजनिक निकायहरुको भवन तथा अन्य सार्वजनिक पूर्वाधार निर्माणका लागि आफ्नो निजी स्वामित्वमा रहेका जग्गा नि:शुल्क रुपमा उपलब्ध गराई गाउँपालिकाको समृद्धी र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका जग्गादाताहरुको सम्मान तथा कदरका लागि गाउँपालिकाले विशेष सम्मान कार्यक्रम आयोजना गर्ने र शिलालेख तयार गरी सम्बन्धित सार्वजनिक निकायमा जग्गादाता तथा निजको वारेस मार्फत शिलालेख लोकार्पण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: घरभाडा नविकरण सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाको प्रशासकीय भवन तथा कार्यालयीय प्रयोजनका लागि लिइएको तपसिल बमोजिमका घरहरुको घरभाडा र सवारी साधन सम्झौता मिति २०८३ असार मसान्तमा समाप्त भएको हुँदा साविककै सेवा तथा शर्तहरुको अधिनमा रही तपसिलका लागि सवारी/घरभाडा सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

| क.सं | घर/सवारी धनिको नामथर | भाडामा लिइएको | कै. |
|---|---|---|---|
| १. | गिरी प्रसाद राम्जाली | घर ,मालिका ६ दरबाङ्ग | २०८४ असार मसान्त |
| २. | याम कुमारी पौडेल | घर, मालिका ६ दरबाङ्ग | ऐ. |
| ३. | गौमति पुन | घर, मालिका ६ दरबाङ्ग | ऐ. |
| ४. | रतन शेरचन | घर, मालिका ६ दरबाङ्ग | ऐ. |
| ५. | यमुना बुढाथोकी | घर ,मालिका ६ दरबाङ्ग | ऐ. |
| ६. | कुल बहादुर रोका | ध १ ज ६२९ महेन्द्र जिप ७ सिटर | २०८३ पौष मसान्त |

**प्रस्ताव नं. ३: मालिका गाउँपालिकाको भु-उपयोग क्षेत्र वर्गीकरण स्वीकृत सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका म्याग्दीको क्षेत्राधिकार भित्र रहेको जग्गाहरुको वर्गीकरणका लागि आ.व.२०८२/०८३ मा GLOBAL ERA ENGINEERING CONSULTANCY POKHARA मार्फत तयार गरिएको मालिका गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण २०८३ छलफल सहित स्वीकार गरियो । साथै तालुक निकाय, संघीय/प्रदेश भू उपयोग परिषद् तथा नापी विभागमा सदरका लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४: भोटेकोशी बाढी पिडितहरुलाई सहयोग सम्बन्धमा ।**

**निर्णय:** संवत् २०८३ साल भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण ठुलो धनजनको क्षति भएको हुँदा घाइतेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना, मृतकहरुप्रति श्रद्धासुमन तथा शोकसन्तप्त परिवार जनप्रति गहिरो समवेदना प्रकट गर्दै दुख व्यक्त गरियो । साथै यस दुखद घडीमा बाढी प्रभावितहरुको खोज उद्धार ,राहत तथा पूर्नस्थापन स्वरुप मालिका गाउँपालिका आकस्मिक विपद् कोष शिर्षकवाट राहत स्वरुप रु २ लाख बराबरको राहत सामाग्री मालिका गा.पा. कार्यपालिका सदस्य ज्यूको नेतृत्व तथा रसुवा जिल्लाका प्रभावित स्थानीय तहसँगको समन्वयमा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: सामाजिक सुरक्षा भत्ता नविकरणका लागि घुम्ती शिविर सञ्चालन सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका स्थायी ठेगाना भई हाल बेनी, पोखरा र काठमाण्डौंमा अस्थायी रुपमा बसोवास गर्नुहुने मालिका गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको सहजताका लागि बेनी ,काठमाण्डौं र पोखरामा सामाजिक सुरक्षा भत्ता नविकरण सम्वन्धी घुम्ती शिविर सञ्चालन गर्ने साथै घुम्ती शिविर सञ्चालनका लागि हुने खर्च पालिकाले उपर्युक्त शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: भोटेकोशी बाढीमा बेपत्ता भएको व्यक्तिको खोजीकार्य सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं.४ निवासी भविन्द्र रेग्मी २०८३ साल भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी वेपत्ता भएको, हाल सम्म निजको सम्बन्धमा कुनै सूचना प्राप्त हुन नआएको हुँदा निजको आमा नरमाया रेग्मी द्धारा खोजीकार्य लागि यस पालिकामा निवेदन दिनुभएको हुँदा निज भविन्द्र रेग्मीको खोजिका लागि तालुक निकायसँग सहजिकरण गर्ने र खोज उद्धार कार्यका लागि नरमाया रेग्मीलाई रु ३० हजार आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: विद्यालयलाई जस्तापाता सहयोग सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं. १ निस्कोटमा रहेको शिशु कल्याण आ.वि.को छानो जिर्ण भई विद्यालयको पठनपाठन प्रभावित भएको हुँदा उक्त विद्यालयको छानो मर्मतका लागि प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता विपद् कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: महंगी भत्ता तथा प्रोत्साहन भत्ता सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनमा कार्यरत एम.आई. एस. अपरेटर र फिल्ड सहायक पदमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं. १ निस्कोट निवासी लाल बहादुर पुनको छोरा चित्र बहादुर पुनको दुवै मृगौला फेल भई २०८३ श्रावण महिनामा मृत्यु भएको, निज तथा स-परिवारको आर्थिक अवस्था कमजोर रहेको हुँदा धार्मिक परम्परा अनुसारको काजकियाका लागि मालिका गाउँपालिका १ नं. वडा कार्यालयको विपन्न नागरिक सहायता कोष शिर्षकबाट रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: आर्थिक सहयोग सम्बन्धमा ।**

**निर्णय:** म्याग्दी जिल्ला मालिका गाउँपालिकावासी देहाय बमोजिमका व्यक्ति देहायको मितिमा प्राकृतिक प्रकोप विपद्‌बाट प्रभावित भएको, निजको आर्थिक अवस्था न्युन कमजोर रहेको हुँदा गाउँपालिकाबाट आर्थिक सहायता तथा पुनर्स्थापना स्वरुप देहायको सहयोग राहत आकस्मिक विपद् कोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र. सं. | नाम थर | ठेगाना | विपद्‌को विवरण | मिति | सहायता रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १. | असारी वि.क. | मालिका-४ | अविरल वर्षाका कारण निजको घर तथा आँगनमा क्षति | २०८३/०४/१९ | ३० हजार | |
| २. | बल बहादुर खाती | मालिका ४ | अविरल वर्षाका कारण घरमा क्षति | २०८३/०४/१९ | ३० हजार | |
| ३. | लाल बहादुर खाती | मालिका ४ | अविरल वर्षाका कारण घरमा क्षति | २०८३/०४/१९ | ३० हजार | |

**प्रस्ताव नं. १२: जरिवाना ताकेता सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिकाका उपाध्यक्ष एवम् राजश्व परामर्श समितिका संयोजक श्री लक्ष्मी देवि .घर्ति मगर पुन ज्युको संयोजकत्वमा मिति २०८३/०५/११ गते बसेको बैठकले मालिका गाउँपालिकाको दुखुखोला घाट, कमेरे बगर घाट र खारा बगर घाटबाट अवैध रुपमा नदिजन्य पदार्थ उत्खनन्, संकलन गर्ने व्यक्तिहरुलाई जरिवाना लगाएको तर हाल सम्म पनि निजहरुले जरिवाना वापतको रकम नबुझाएको हुँदा जरिवाना रकम बुझाउनका लागि पुनः ताकेता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३: मानसिक स्वास्थ्य उपचार सहयोग सम्बन्धमा ।**

**निर्णय:** मालिका गाउँपालिका वडा नं.२ रुम निवासी मन वहादुर पुनको छोरा टेक बहादुर पुन वैदेशिक रोजगारिको शिलशिलामा करिब ३ वर्ष अगाडी मलेसिया गएकोमा मानसिक सन्तुलन गूमाई नेपाल फर्की आएको हाल सिर्जनशिल जिवन प्रा.लि. काठमाण्डौमा उपचाररत रहेको हुँदा निजलाई जिवन पुनर्स्थापन तथा स्वास्थ्य उपचार स्वरुप मालिका गाउँपालिकाबाट रु ३० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।